# युवा स्वरोजगार कार्यक्रम (संचालन) निर्देशिका, २०७४

<u>प्रस्तावना:</u> कर्म गर्ने चाहना हुँदा हुँदै पनि आर्थिक अवश्था कमजोर भई विभिन्न किसिमका व्यवसाय गर्न नसकी पछाडी परिरहेका जेहेन्दार युवाहरु अवसरको अभावमा बेरोजगार भैरहेको अवश्थामा आर्थिक तथा मानव विकास सुचङ्काकमा पछाडी परेको कालिकोट त्यसमा पनि पलाँता गाउँपालिकामा स्थानीय युवाहरुको सहभागितामा स्थानीय पूर्वाधार निर्माण तथा व्यवसाय संचालन मार्फत रोजगारी सिर्जना गरी उनीहरुको जीवनस्तरमा सुधार गर्न आवश्यक कार्यक्रमहरुको तर्जुमा, संचालन तथा व्यवस्थापन गर्न पलाँता गाउँपालिकाले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस निर्देशिकाको नाम “युवा स्वरोजगार कार्यक्रम (संचालन) निर्देशिका, २०७४” रहेको छ ।

२) यो निर्देशिका आर्थिक बर्ष २०७५ श्रावण १ बाट लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. कार्यक्रम भन्नाले पलाँता गाउँपलिकामा लागू भएको युवा स्वरोजगार कार्यक्रम सम्झनुपर्छ ।

ख. गाउँपालिका भन्नाले पलाँता गाउँपालिकालाई सम्झनुपर्छ ।

ग. लक्षित वर्ग भन्नाले कार्यक्रम लागु हुने क्षेत्रमा बसोबास रहेको विपन्न परिवारको श्रम गर्न सक्ने युवा वेरोजगार सदस्यलाई सम्झनु पर्छ ।

घ. बिषयगत शाखा भन्नाले कार्यक्रम लागु भएको पलाँता गाउँपालिकाको सम्बन्धित विषयबस्तु हुर्ने जिम्मेवार शाखा सम्झनु पर्छ ।

३. **कार्यक्रमको उद्देश्यहरुः** कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

क. लक्षित वर्गका श्रम गर्न सक्ने ईच्छुक व्यक्तिलाई रोजगार तथा आयआर्जनका अबसर प्रदान गर्ने,

ख. दक्ष तथा सक्षम जनशक्ति तयार गरी स्वरोजगारको वातावरण श्रृजना गर्ने,

ग. दिगो भौतिक पूर्वाधार सुविधा निर्माण तथा विस्तार गर्ने,

घ. स्थानीय विकासमा सामुहिक भावना र अपनत्व लिने अवस्थाको श्रृजना गर्ने,

ङ. समाजका सामाजिक संस्कारलाई आत्मसात गरी सहयोग प्रदान गर्ने,

च. श्रमबाट केही रकम बचत गरी सामाजिक कार्यमा लगानी गर्ने,

४. **आयोजना छनौट प्रक्रियाः** १) योजना तर्जुमा गर्दा स्थानीय तह योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले तोकेका क्षेत्रसँग सम्बन्धित आयोजनाहरुको छनौट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिम गरिनेछः-

(क) सम्बन्धित सरोकारवालाहरुको सहभागितामा बस्ती तथा वडास्तरबाट प्राथमिकताको आधारमा आयोजनाहरुको छनौट गरिनेछ ।

पलाँता गाउँपालिका

(ख) वडा स्तरबाट छनौट भएका कार्यक्रमहरुलाई आयोजना कार्यान्वयन तथा अनुगमन समितिबाट सम्बन्धित गाउँसभामा सिफारिससाथ पेश हुनेछ ।

(ग) सम्बन्धित गाउँसभाबाट स्विकृत भएका आयोजनाहरु कार्यान्वयनका लागि कार्यपालिकालाई लेखी पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम आयोजनाहरुको छनौट गर्दा लक्षित वर्गलाई बहुबर्षीय रोजगारी उपलब्ध गराउन सघाउ पुग्ने गरी आयोजना छनौट गरिनेछ ।

(४) उपदफा (३) बमोजिम छनौट भएका आयोजनाहरु स्थानीय श्रोत, सीप र श्रममा आधारित दिगो, वातावरणमैत्री, उत्पादनमुलक तथा आय आर्जनमुखी हुनु पर्नेछ ।

५. **अनुदान बिनियोजन गरिने क्षेत्रः** १) सामाजिक, आर्थिक विकासका पूर्वाधारहरु निर्माण मार्फत रोजगारी श्रृजना र आय आर्जन बढोत्तरी हुने क्षेत्रमा पूँजीगत अनुदान उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा देहायका क्षेत्रमा आयोजना तथा कार्यक्रम संचालन गरिनेछः

क. सडक तर्फः टोल बस्तीलाई कर्णाली कोरिडोरसम्म सडक संजाल जोड्ने गरी प्राथमिकताक्रमको आधारमा छनौट भएका श्रममा आधारित ग्रामीण सडक, काठे पुल निर्माण तथा सम्भार लगायतका कार्यक्रमहरु ।

ख. सिंचाई तर्फः सिंचाई कुलोको निर्माण तथा मर्मत संभार ।

ग. खानेपानी तथा सरसफाई तर्फः धारा, ट्याङ्की, पोखरी, सार्वजनिक शौचालय र पाईपलाइन बिस्तार ।

घ. कृषि विकास तर्फः जडिबुटी संकलन तथा प्रशोधन, खाद्य तथा फलफुल प्रशोधन, बधशाला तथा माछा पोखरी निर्माण, सामुहिक कृषि व्यवसाय, कृषि उपजको बजारीकरण तथा हाट बजार व्यवस्थापन, पशुपालन, चरण तथा खर्क निर्माण

ङ. उर्जा तर्फः लघुजलविद्युत आयोजनाहरुमा ज्याला साझेदारी ।

च. सामुदायिक पूर्वाधार तर्फः सामुदायिक भवन तथा सामुदायिक तालिम केन्द्र निर्माण आयोजना ।

छ. वातावरण संरक्षण तर्फः वृक्षारोपण, नदी नियन्त्रण, सार्वजनिक उद्यान, नदी कटान नियन्त्रण तथा तटबन्धन निर्माण आयोजना ।

ज. पर्यटन तर्फः धार्मिक मन्दिरहरु निर्माण, पदयात्रा, युद्व पर्यटकीय क्षेत्रहरुको संरक्षण ।

(३) साझेदारीमा हुने सबै प्रकारका श्रममूलक आयोजना,

पचाल झरना गाउँपालिका

(४) जलवायु परिवर्तन अनुकुलनका आयोजना,

६. **रोजगारी सम्बन्धी विशेष व्यवस्थाः** (१) देहाय बमोजिमका युवाहरुलाई रोजगारीमा प्राथमिकता दिनुपर्नेछः

क. आफ्नो उत्पादन तथा आयबाट बर्षमा तीन महिना भन्दा कम समयसम्म खान पुग्ने परिवार

ख. द्वन्द्व पीडित

ग. दलित, अल्पसंख्यक, भूमिहिन, जोखिममा रहेको परिवार

घ. पूर्वाधारजन्य सार्वजनिक निर्माण आयोजनाहरु सञ्चालन गर्दा व्यक्तिगत जग्गा जमिन उपलब्ध गराउने परिवार

ङ. परिवारका कुनैपनि सदस्यले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा रोजगारिको अवसर नपाएको परिवार

च. आफ्नै व्यवसाय सञ्चालन नगरेका वा स्वरोजगारको अवश्था श्रृजना हुन नसकेको परिवार

(२) उपदफा (१) बमोजिम प्राथमिकता प्राप्त भएका आवेदनकर्ताहरुको प्रत्येक वडाले अनुसुची १ बमोजिमको फाराम भरी गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

७. **युवा कामदारको छनौट तथा दर्ता प्रक्रियाः** कामदार छनौट गर्दा देहायको आधारमा गरिनेछः-

(१) प्रत्येक वडा कार्यालयले गाउँ कार्यपालिकाको निर्णय अनुसार दफा ६ को प्राथमिकताका आधारमा आयोजनाका कामदारको रुपमा छनौट गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम कामदार छनौट गर्दा विगत देखि काम गर्दै आएका युवालाई नियमितताको लागि ध्यान दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कामदार छनौट पश्चात् सोको विवरण गाउँपालिकाले अनुसुची २ को ढाँचामा सार्वजनिक गर्नुपर्नेछ ।

(४) कामका लागि छनौट भएका युवा कामदारलाई अनुसुची ३ बमोजिमको रोजगारी परिचय पत्र प्रदान गरिनेछ ।

(५) युवा कामदार छनौट गर्दा प्रत्येक वडा तथा गाउँपालिका कार्यालयले १८ बर्ष पुरा भै ४० बर्ष ननाघेको व्यक्तिलाई छनौट गर्नु पर्नेछ ।

८. **युवा कामदारको कार्य प्रक्रियाः**

(१) युवा कामदारले मासिक २४ दिन विभिन्न कार्यक्रम तथा आयोजनामा श्रमजन्य कार्य गर्नुपर्नेछ ।

(२) युवा कामदारले मासिक ३ दिन सामाजिक कार्यमा सहभागी हुनु पर्नेछ ।

(३) युवा कामदारले दैनिक ८ घण्टा अनिवार्य रुपमा काम गर्नुपर्नेछ ।

(४) महिनामा कामदारलाई ३ दिन सरसफाईको लागि तलबी विदा दिनुपर्नेछ ।

घर्मागाँउपालिका

९. **आयोजनाको व्यवस्थापनः**

(१) छनौट भएका युवा कामदारको सुची गाउँपालिकाले सार्वजनिक गरेको १५ दिनभित्र उक्त सुची मध्ये बाटै छनौट हुने गरी ५ देखि ९ जनासम्मको आयोजना कार्यान्वयन समिति गठन गर्नु पर्नेछ । समितिमा कम्तीमा एक तिहाई महिला सदस्य हुनु पर्नेछ ।

(२) समितिले गाउँसभाबाट गाउँपालिकाको बजेट स्विकृत भैसकेपछि अनुसुची ४ बमोजिमको आयोजना माग फाराम भरी कार्यक्षेत्र पर्ने सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(३) समितिले अनुसुची ५ बमोजिमको आयोजना कार्यान्वयन कार्ययोजना फाराम भरी दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम कार्ययोजना फाराम भरे पश्चात पलाँता गाउँपालिकाले तयार गरेको ढाँचा बमोजिम सम्झौता फाराम भर्नु पर्नेछ ।

(५) संचालन हुने आयोजनाको विवरण अनुसुची ६ बमोजिमको ढाँचामा आयोजना कार्यान्वयन समिति मार्फत सुचना पाटी राख्नुपर्नेछ ।

(६) आयोजनामा आवश्यक पर्ने सुरक्षा सामाग्री तथा अन्य मेशिन औजार (हेल्मेट, बुट, पञ्जा, अन्य हाते औजारहरु) को व्यवस्थापन गर्ने दायित्व आयोजना कार्यान्वयन समितिलाई हुनेछ ।

(७) कामदारको फरक पहिचान दिने गरी पोशाकको व्यवस्था आयोजना कार्यान्वयन समितिले गर्नुपर्नेछ

(८) युवाहरुको ज्यालाबाट समाज सुधार कार्यमा लगानी मासिक २००० जम्मा हुने गरी सामाजिक लगानी कोष खडा गर्नुपर्नेछ ।साथै कामदारको भविष्यको सुनिश्चितताको लागि मासिक २००० बचत कोषमा जम्मा गर्नुपर्नेछ ।

१०. **वित्तीय श्रोत परिचालन तथा खर्च व्यवस्थापनः**

(१) कार्यक्रमको लागि आवश्यक वित्तिय श्रोत गाउँपालिका मार्फत उपलब्ध हुनेछ ।

(२) कार्यक्रम कार्यान्वयन तथा विनियोजित बजेट खर्च गर्दा तथा सोको लेखा राख्दा तथा लेखाङ्कन प्रतिवेदन तयार गर्दा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

(३) संचालित आयोजनाका कामदारलाई प्रतिदिन गाउँपालिकाले निर्धारण गरेको दैनिक ज्यालादरको आधारमा आयोजना कार्यान्वयन समिति मार्फत कार्यसम्पादनलाई ध्यानमा दिई ज्याला उपलब्ध गराउनु पर्नेछ ।आयोजना सम्पन्न भएको ७ दिनभित्र आयोजनाको प्राविधिक मूल्याङ्कन गरी सोही आधारमा रकम भुक्तानी गर्नुपर्नेछ ।

(४) आयोजना कार्यान्वयन समितिले कामदारहरुको दैनिक उपस्थितिको अभिलेख अनुसुची ७ बमोजिमको फाराममा भरी राख्नु पर्नेछ ।

(५) आयोजनामा कार्यरत कामदारहरुको सुरक्षा प्रत्याभूतिका लागि आयोजनाको लगत स्टिमेटमा नै दुर्घटना विमाको व्यवस्था गरिनुपर्नेछ ।

११. **सामाग्री खरिद प्रक्रियाको व्यवस्थापनः**

(१) कार्यक्रम अन्तर्गत कुनै सामाग्री खरिद गर्नु पर्दा देहाय बमोजिम गरिनेछः

क. गाउँसभाबाट स्विकृत बार्षिक बजेट तथा योजनाको आधारमा बार्षिक खरिद योजना तयार गरी सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०७४ र अन्य प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

ख. आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गर्नु पर्नेछ ।

१२. **वित्तिय सुशासन कायम गर्ने**: कार्यक्रम अन्तर्गत गरिने खर्चमा वित्तिय सुशासन कायम गर्न देहाय बमोजिम गर्नुपर्नेछः

(क) कार्यक्रम कार्यान्वयन समितिसँग सम्झौता भए पश्चात् यसका सम्पूर्ण सदस्यलाई आयोजनाको वित्तीय श्रोत, खर्च गर्ने तरिका, सदस्यको व्यक्तिगत तथा सामुहिक जिम्मेवारी आदि विषयमा अनुशिक्षण गर्नु पर्नेछ ।

(ख) सबै आयोजनाहरुको विवरण समेटिएको आयोजनाको सुचना पाटी अनिवार्य रुपमा सर्वसाधारणले देख्ने सक्ने गरी योजना स्थलमा राख्नु पर्नेछ । यसका लागि आवश्यक रकमको व्यवस्था लागत अनुमान तयार गर्दा नै राखिनेछ ।

(ग) आयोजनाहरु सम्पन्न भईसकेपछि अनिवार्य रुपमा आयोजना सम्पन्न भएको एक महिनाभित्र सार्वजनिक परिक्षण गर्नुपर्नेछ ।

(घ) सञ्चालित कार्यक्रमको नियमित रुपमा प्रगति विवरण तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१३. **सार्वजनिक परिक्षण तथा लेखा परिक्षणः**

(१) गाउँपालिका स्तरीय समन्वय तथा अनुगमन समितिले कार्यक्रमहरुको सार्वजनिक परिक्षण अनुसुची ८ बमोजिम गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा कामदारहरुको हाजिरी विवरण, प्राप्त रकम र खर्चहरु लगायत आयोजनाको विस्तृत भुक्तानी विवरणको प्रमाण सार्वजनिक गर्नु पर्नेछ ।

(३) आयोजनाको आन्तरिक लेखापरिक्षण गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखाले गर्नेछ ।

(४) महालेखा परिक्षकको कार्यालयबाट यस आयोजनाको अन्तिम लेखा परिक्षण हुनेछ ।

१४. **गाउँपालिका स्तरीय समन्वय तथा अनुगमन समितिः** कार्यदलबाट संचालित कार्यक्रमहरुलाई प्रभावकारी तरिकाबाट संचालन गर्न देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| (१) गाउँपालिकाका अध्यक्ष | : अध्यक्ष |
| (२) गाउँपालिकाका उपाध्यक्ष | : सदस्य |
| (३) गाउँपालिकाका सम्पूर्ण वडा अध्यक्षहरु | : सदस्य |
| (४) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत | : सदस्य |

दुधौली गाउँपालिका

(५) प्रमुख प्रशासकीय अधिकृतले तोकेको सब इन्जिनियर/अ.सब.इन्जिनियर : सदस्य सचिव

१५. **गाउँपालिका स्तरीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) प्रत्येक वडा कार्यालय मार्फत दफा ६ बमोजिमको प्राथमिकताका आधारमा रोजगार दिन सकिने युवा कामदारको संख्या एकिन गर्ने

(२) आयोजना कार्यान्वयन समितिहरुको गठनमा सहजीकरण गर्ने ।

(३) आयोजना सम्बद्ध स्थानीय विवाद एवं समस्याहरुको समधान गर्ने ।

(४) गाउँपालिकामा सेवारत बैकसँग समन्वय गरी कामदारहरुको बैंक खाता खोल्ने व्यवस्था मिलाउने ।

(५) कार्यक्रम संचालनका लागि निर्देशिकाको अधिनमा रही बार्षिक कार्ययोजना तयार गर्ने ।

(६) आयोजनाका लागि निर्माण सामाग्री कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री र औजार लगायतको विवरण तयार गरी समयमै खरिद गर्ने व्यवस्था मिलाउने ।

(७) आयोजनाका कामदारले पाउने ज्याला समयमै वितरण गर्ने व्यवस्था मिलाउने ।

(८) कार्यक्रमको पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्ने ।

(९) कार्यक्रमको समिक्षा, सार्वजनिक सुनवाई वा सामाजिक परिक्षण लगायतका कार्य गर्ने खर्च एवं लेखा प्रतिवेदनहरु सार्वजनिक गर्ने ।

(१०) आगामी बर्षको योजना तथा कार्यक्रम तयार गरी कार्यपालिका समक्ष पेश गर्ने ।

१६. **गुनासो व्यवस्थापनः**

(१) यस कार्यक्रमसँग चित्त नबुझेका विषयमा सरोकारवाला वर्गले वडा कार्यालय वा प्रमुख प्रशासकीय अधिकृत समक्ष लिखित रुपमा उजुरी गर्न सक्नेछ ।

(२) देहायका विषयमा प्राथमिकताका साथ उजुरी वा गुनासो सुनुवाई गरिनेछः

(क) नियमानुसारको ज्यालादर नपाएको

(ख) समान ढंगले काम गर्ने अवसर नपाएको

(ग) समयमा ज्याला रकम भुक्तानी नपाएको

(घ) कार्यक्रम सम्बद्ध कर्मचारी तथा आयोजना कार्यान्वयन समितिले कामदारप्रति उचित एवं मानवीय व्यवहार नगरेको

(ङ) कार्यसँग सम्बन्धित रही गरिएको खरिद तथा कामदार छनौट लगायतमा पारदर्शी प्रक्रिया पूरा नगरेको पक्षपात भएको

(च) तोकिएको समयभन्दा बढी समय काममा लगाएको ।

गुम्बा गाउँपालिका

(३) वडा अध्यक्षले उपरोक्त प्रकारको गुनासो वा उजुरीहरु उपर सात दिन भित्र सुनुवाई गर्नु पर्नेछ । वडा अध्यक्षबाट सुनुवाई नभएमा वा सुनुवाई चित्त बुझ्दो नभएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष राख्न सकिनेछ । प्रमुख प्रशासकीय अधिकृतले प्राप्त उजुरीहरु आफूलाई प्राप्त भएको १५ दिन भित्रमा अध्यक्ष मार्फत सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१७. **युवा कामदारले पालना गर्नुपर्ने आचारणः** (१)कार्यदलमा समावेश भएका आयोजना कार्यान्वयन समिति तथा कामदारले तपशिल बमोजिमको आचारण पालना गर्नुपर्नेछः

(क) मादक पदार्थ सेवन तथा जुवा तास खेल्न नहुने

(ख) कुनैपनि सामाजिक नैतिकतामा आँच आउने कार्य गर्न नहुने

(ग) कार्य जिम्मेवारी सुपरिवेक्षकको निर्देशन अनुसार पालना गर्नु पर्ने

(२) आचारण पालना नगर्ने युवा कामदारलाई सुपरिवेक्षकको सिफारिसमा तुरुन्त कार्य जिम्मेवारीबाट हटाईनेछ ।

**अनुसूचीः १**

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

**युवा स्वरोजगार कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदनकर्ताहरुको नामावली**

पलाँता गाउँपालिका वडा नं ............

| क्र सं | आवेदकको पुरा नाम | नागरिकता/मतदाता परिचयपत्र नम्बर | टोल बस्तीको नाम | परिवार संख्या | उमेर | सम्पर्क फोन नं |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |

पलाँता गाउँपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| १६ | | | | | | |
| १७ | | | | | | |
| १८ | | | | | | |
| १९ | | | | | | |
| २० | | | | | | |

पलाँता गाउँपालिका

अनुसुची २

दफा ७ को उपदफा ३ सँग सम्बन्धित

## रोजगार उपलब्ध गराउन छनौट भएका व्यक्तिको नामावली (सार्वजनिक प्रयोजनको लागि)

| क्र सं | कामदारको नाम | परिचयपत्र नं | ठेगना (वडा टोल बस्ती) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पलाता गाउँपालिका

अनुसुची ३

दफा ७ को उपदफा ४ सँग सम्बन्धित

**रोजगारी परिचय पत्रको ढाँचा**

| पछाडिको भागमा | अगाडीको भागमा |
|---|---|
| जानकारीः<br>• रोजगारी परिचय पत्र प्राप्त गरेको व्यक्तिले मात्र काममा सहभागी हुन पाउनेछन् ।<br>• समान कामको लागि महिला तथा पुरुषको ज्याला समान हुनेछ ।<br>• ज्याला भुक्तानी मासिक रुपमा हुनेछ ।<br>• ज्यालाको भुक्तानी लिने बेलामा यो पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।<br>• यो परिचयपत्र मिति................................. देखि ............................... सम्मको लागि मात्र प्रयोग हुनेछ ।<br>• आयोजनाको हाजिरी रेकर्ड हेरी कार्य सम्पन्न मूल्याङ्कनको आधारमा ज्याला भुक्तानी गरिनेछ । | परिचयपत्र नम्बरः<br>पलाँता गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>युवा स्वरोजगार कार्यक्रम<br>पलाँता, कालिकोट<br>**रोजगारी परिचय पत्र**<br>**कामदार नामः ....................................**<br>**ठेगनाः पलाँता गाउँपालिका वडा............**<br>कामदारको पासपोर्ट साईजको फोटो<br>प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर<br>कार्यालयको छाप |

पलाँता गाउँपालिका

अनुसुची ४

दफा ९ को उपदफा २ सँग सम्बन्धित

**आयोजना कार्यान्वयन समितिले माग गर्ने आयोजना प्रस्तावको ढाँचा**

श्रीमान् अध्यक्षज्यू
पलाँता गाउँपालिकाको कार्यालय
पलाँता, कालिकोट ।

बिषयः आयोजना प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा लाभान्वित समुदायको छनौट गरेको र कार्यक्रम कार्यान्वयन समितिबाट कार्यान्वयन गर्नका लागि निर्णय गरिएको देहाय बमोजिमको लागत सहभागिता तथा विवरण उल्लेख भएको आयोजना कार्यान्वयन गर्नका लागि यो आयोजना माग प्रस्ताव तयारी गरी पेश गरेका छौ । आवश्यक बजेट तथा कार्यक्रम स्विकृत गरी संचालन गर्ने अनुमतीका लागि अनुरोध गर्दछौ ।

**(क) आयोजना सम्बन्धी जानकारी**

१. नामः

२. स्थान

३. लाभान्वित जनसंख्या.......................महिला.......................पुरुष...........................दलित

४. लाभान्वित घरपरिवार संख्याः

**(ख) आयोजना कार्यान्वयन समितिः**

१. गठन भएको मितिः

२. कार्यान्वयन समिति गठन हुँदा उपस्थित संख्याः

३. आयोजना कार्यान्वय समितिका पदाधिकारीको विवरणः

| क्र सं | पद | नाम थर | ठेगना | नागरिकता नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |

पलाँता गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |

४. भेला भएको स्थानः

**(ग) आयोजनाको आर्थिक पक्षः**

१. कुल अनुमानित लागत रुः

२. निर्माण सामाग्रीको मूल्यः

३. ज्यालाः

४. ढुवानी भाडाः

५. अन्यः

**(घ) खर्च ब्यहोर्ने श्रोतः**

१. लाभान्वित उपभोक्ताबाटः नगद रुः........................श्रमदाबाट रु......................बराबर

२. गाउँपालिका/वडा कार्यालयबाटः नगद रुः........................बस्तुगत रु......................बराबर

**(ङ) संलग्न कागजातः**

१. आयोजना कार्यान्वयन समितिको गठन गर्ने निर्णयको छाँयाप्रति ।

२. आयोजना कार्यान्वयन समितिको विधान भए सोको छाँयाप्रति ।

३. सम्बन्धित वडाको सिफारिस ।

४. अन्य संघ संस्थाको लागत सहभागितामा भए सोको प्रतिवद्धता पत्र ।

५. आयोजना कार्यान्वयन समितिको अनुभव सम्बन्धी कागजात ।

६. सम्भव भए योजनाको स्थलको नक्सा ।

७. डिजाईन, लागत अनुमान विवरण सम्बन्धी कागजात ।

**(च) आयोजना माग गर्ने आयोजना कार्यान्वयन समितिका पदाधिकारीहरुको**

| | | |
|---|---|---|
| दस्तखतः | दस्तखत | दस्तखतः |
| नामः | नामः | नामः |
| पदः अध्यक्ष | पदः सचिव | पदः कोषाध्यक्ष |
| मितिः | मितिः | मितिः |

अनुसुचीः ५

दफा ९ को उपदफा ३ सँग सम्बन्धित

............................आयोजना कार्यान्वयन समितिबाट तयार पारिएको आयोजना कार्यान्वयन तालिका

१. आयोजनाको नामः

२. संचालन स्थलः

३. कुल लागत अंक रु...............................

४. गाउँपालिकाले व्यहोर्ने रुः.........................

| क्र सं | योजना सम्बन्धी गतिविधि | समय तालिका | जिम्मेवार निकाय, व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | आयोजना पहिचान | २०७...।.....।...... | गाउँपालिका मार्फत लाभान्वित समुदाय | |
| २ | प्रस्ताव गर्ने निर्णय | २०७...।.....।...... | कार्यक्रम कार्यान्वयन समिति | |
| ३ | प्रस्ताव पेश गर्ने | २०७...।.....।...... | कार्यक्रम कार्यान्वयन समिति | |
| ४ | आयोजनाको सम्भाव्यता अध्ययन ल.ई. गर्ने | २०७...।.....।...... | गाउँपालिकाको कार्यालय | |
| ५ | प्रस्ताव स्विकृत गर्ने | २०७...।.....।...... | गाउँपालिकाको कार्यालय | |
| ६ | सम्झौता गर्ने | २०७...।.....।...... | गाउँपालिका र आयोजना कार्यान्वयन समित | |
| ७ | कार्य प्रारम्भ गर्ने | २०७...।.....।...... | आयोजना कार्यान्वयन समिति | |
| ८ | प्रथम किस्ता निकासा | २०७...।.....।...... | गाउँपालिकाको कार्यालय | |
| ९ | कार्यको प्राविधिकबाट मूल्याङ्कन | २०७...।.....।...... | गाउँपालिकाको कार्यालय | |
| १० | कार्य सम्पन्न गर्ने | २०७...।.....।...... | आयोजना कार्यान्वयन समिति | |
| ११ | प्राविधिकको अन्तिम मूल्याङ्कन तथा अनुगमन समितिको प्रतिवेदन | २०७...।.....।...... | गा.पा. कार्यालय तथा अनुगमन समिति | |
| १२ | सार्वजनिक परिक्षण | २०७...।.....।...... | गाउपालिकाको सहजीकरणमा लाभान्वित समुदाय र आयोजना कार्यान्वयन समिति | |
| १३ | अन्तिम भुक्तानी माग गर्ने | २०७...।.....।...... | आयोजना कार्यान्वयन समिति | |
| १४ | जाँचपास फरफारक | २०७...।.....।...... | गाउँपालिका | |
| १५ | अन्तिम भुक्तानी | २०७...।.....।...... | गाउँपालिका | |
| १६ | आयोजना हस्तान्तरण | २०७...।.....।...... | गाउँपालिका र आयोजना कार्यान्वयन समिति | |

अनुसुची ६

दफा ९ को उपदफा ५ सँग सम्बन्धित

**गाउँपालिका र वडा......अन्तर्गत................................................... आयोजना कार्यान्वयन समिति मार्फत संचालित**

## आयोजनाको सुचना पाटी

१. आयोजनाको नामः

२. आयोजना स्थलः

३. आयोजना शुरु भएको मितिः

४. आयोजना सम्पन्न हुने मितिः

५. कामको विवरणः

६. लगत ईष्टिमेट अंकः रु..........................................................................

७. बजेट श्रोतः

a. गाउँपालिका/ वडा कार्यालयबाट रु..........................................................................

b. अन्य रु..............................................................

c. उपभोक्ताबाट लागत सहभागिता रु................................................

i. नगद लागत सहभागिता रु ................................................

ii. श्रम सहभागिता रु........................................................... बराबर

आयोजना कार्यान्वयन समितिका अध्यक्षको नाम थर ठेगनाः

पलाता गाउँपालिका

धाँता गाउँपालिका

अनुसुची ७

दफा १० को उपदफा ४ सँग सम्बन्धित

कामदारहरुको दैनिक उपस्थिति रेकर्ड राख्ने फाराम

आयोजनाको नामः

मितिः ..........................................देखि..................................................सम्म

| क्र सं | कामदार को नाम थर | काम गरेको मिति | | | | | | | | | | जम्मा काम गरेको दिन | दर | जम्मा पाउने रकम | रकम बुझिलिनेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | |

दैनिक हाजिर राख्नेको नाम र दस्तखतः

जम्मा भुक्तानी रकमः

भुक्तानी दिनेको नाम र दस्तखतः

वडा अध्यक्षको दस्तखत/ कार्यालयको छापः

पलाता गाउँपालिका

अनुसुची ८

दफा १५ को उपदफा १ सँग सम्बन्धित

**सार्वजनिक परीक्षण फारामको ढाँचा**

पेश गरेको कार्यालयः पलाँता गाउँपालिका, कालिकोट

१. आयोजनाको नामः

क. नामः                                        ग. स्थल

ख. लागत अनुमानः                                ङ. आयोजना शुरु हुने मितिः

ग. आयोजना सम्पन्न हुने मितिः

२. उपभोक्ता समितिको,

क. नामः

ख. अध्यक्षको नामः

ग. सदस्य संख्या.................................... महिला ......................................पूरुष ..................................

३. आम्दानी खर्चको विवरणः

क. आम्दानी तर्फः

| आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |

ख. खर्चतर्फः

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| १. सामग्री (के के सामाग्री खरिद भयो ?) | | | |
| | | | |
| | | | |
| २. ज्याला (के मा कति भुक्तानी भयो ?) | | | |
| | | | |
| | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |
| | | | |
| | | | |

ग. मौज्दानः

| **विवरण** | **रकम वा परिणाम** | **कैफियत** |
|---|---|---|
| १. नगदः | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २. सामाग्रीहरुः | | |
| | | |

पलाँता गाउँपालिका

| | | |
|---|---|---|
| | | |

घ. भुक्तानी दिन बाँकी

| बिवरण | रकम वा परिणाम |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरणः

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

५. सार्वजनिक परिक्षणमा सहभागीको विवरण

| क सं | नाम थर | ठेगना | दस्तखत | क सं | नाम थर | ठेगना | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | २२ | | | |
| २ | | | | २३ | | | |
| ३ | | | | २४ | | | |
| ४ | | | | २५ | | | |
| ५ | | | | २६ | | | |
| ६ | | | | २७ | | | |
| ७ | | | | २८ | | | |
| ८ | | | | २९ | | | |
| ९ | | | | ३० | | | |
| १० | | | | ३१ | | | |
| ११ | | | | ३२ | | | |
| १२ | | | | ३३ | | | |
| १३ | | | | ३४ | | | |
| १४ | | | | ३४ | | | |
| १५ | | | | ३५ | | | |
| १६ | | | | ३६ | | | |
| १७ | | | | ३७ | | | |
| १८ | | | | ३८ | | | |
| १९ | | | | ३९ | | | |
| २० | | | | ४० | | | |
| २१ | | | | ४१ | | | |

पलाँता गाउँपालिका